# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०८।०५ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला कन्चनपुर, ईलाका प्रहरी कार्यालय गड्डाचौकीमा कार्यरत प्रहरी जवान दिपक चौधरीले बजारहरूमा व्यवसायीहरूको माग बमोजिम भारतको स्थानीय बजार बनबासाबाट मालसामान क्यारिङ गरी ल्याउने क्रममा भन्सार शुल्क तिरिसके पश्चात पनि शुल्क बाहेकको रकम सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय कन्चनपुरबाट खटिई गएको टोलीले निज प्रहरी जवान दिपक चौधरीलाई सेवाग्राहीसँग रु. ५,०००।-(पाँच हजार) घुस वापतको रकम लिईसकेको अवस्थामा उक्त घुस रकमसहित रङ्गेहात नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा सेवाग्राहीले भारतको बनबासा बजारबाट मालसामान क्यारिङ गर्ने क्रममा भन्सार तिरिसके पश्चात पनि सामान भित्र्याउन सहजीकरण गरी दिने प्रयोजनार्थ जिल्ला कन्चनपुर, ईलाका प्रहरी कार्यालय गड्डाचौकीमा कार्यरत प्रहरी जवान दिपक चौधरीले सेवाग्राहीसँग घुस/रिसवत लिएको पुष्टि हुन आएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको देखिंदा निज प्रहरी जवान दिपक चौधरीलाई बिगो रु. ५,०००।-(पाँच हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजायको मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला